मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ३२ गते बिहीबार ❑ 16 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकीमा बजेट खर्च ६४.३६ प्रतिशत

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेटको ६४.३६ प्रतिशत खर्च गरेको छ।

प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार यही असार २६ सम्म ३२ अर्ब ६ करोड ८ लाख रुपैयाँको बजेटमध्ये २० अर्ब ५८ करोड ९ लाख रुपैयाँ खर्च भएको छ।

अघिल्लो आर्थिक वर्ष २०८१/०८२ को ६९.५४ प्रतिशतको तुलनामा ५.२८ प्रतिशतले कम भए पनि प्रतिकूल परिस्थितिका बीच प्रदेश सरकारले खर्चलाई सन्तोषजनक मानेको छ। कुल खर्चमध्ये चालुतर्फ १२ अर्ब ६३ करोड ६६ लाख रुपैयाँ विनियोजन भएकामा ७ अर्ब ६० करोड ३१ लाख रुपैयाँ अर्थात् ६०.१७ प्रतिशत खर्च भएको छ। पुँजीगततर्फ १९ अर्ब ९ करोड ३३ लाख रुपैयाँमध्ये १२ अर्ब ९७ करोड ७८ लाख रुपैयाँ खर्च भई ६७.९७ प्रतिशत प्रगति हासिल गरेको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ । मन्त्रालयगत रूपमा ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय सबैभन्दा प्रभावकारी देखिएको छ। उक्त मन्त्रालयले ८५.७१ प्रतिशत बजेट खर्च गरेको छ । सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले ७५.२ प्रतिशत, उद्योग तथा पर्यटन मन्त्रालयले ६८ प्रतिशत, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले ६४.७९ प्रतिशत, स्वास्थ्य मन्त्रालयले ६३.५९ प्रतिशत तथा कृषि तथा भूमि व्यवस्था मन्त्रालयले ६०.३९ प्रतिशत बजेट खर्च गरेका छन्। सबैभन्दा कम खर्च आर्थिक मामिला मन्त्रालयको रहेको छ, जहाँ ३७.३६ प्रतिशत मात्रै बजेट खर्च भएको छ। आर्थिक मामिला मन्त्रालयका प्रवक्ता डिल्लीराम रिज्यालका अनुसार सार्वजनिक गरिएको विवरण प्रारम्भिक भएकाले अन्तिम तथ्याङ्कमा सामान्य हेरफेर हुन सक्छ । उनका अनुसार चालु आर्थिक वर्षमा प्रदेशले आन्तरिक राजस्व संकलनमा समेत सुधार गर्दै ३ अर्ब ६५ करोड रुपैयाँ राजस्व संकलन गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा करिब १५ करोड रुपैयाँ बढी हो।

प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला मन्त्री जीतबहादुर शेरचनले पेट्रोलियम पदार्थको मूल्यवृद्धि, जेनजी आन्दोलनलगायत निर्माण क्षेत्रमा देखिएका चुनौतीका कारण लक्ष्यअनुसार खर्च हुन नसकेको बताउनु भयो । चुनौतीका बाबजुद विकास निर्माणलाई निरन्तरता दिँदै खर्च र राजस्व दुवै क्षेत्रमा सुधार गर्ने प्रयास जारी रहेको उहाँको भनाइ छ।

## निजी क्षेत्रलाई सरकारले उच्च प्राथमिकता दिएको छ: प्रधानमन्त्री

**रासस**
काठमाडौं, ३१ असार



प्रधानमन्त्री वालेन्द्र शाहले देशको पर्यटन प्रवर्द्धनका निम्ति द्रुत गतिमा काम भइरहेकाले होटल व्यवसायीहरूलाई चिन्ता नगर्न आग्रह गर्नुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा बुधबार होटल सङ्घ नेपाल (हान) का पदाधिकारीहरूसँग भएको छलफलमा प्रधानमन्त्री शाहले निजी क्षेत्रलाई सरकारले उच्च प्राथमिकता दिएकाले राज्यलाई आफ्नो बलियो साझेदार मानेर काम गर्न अनुरोध गर्नुभयो।

प्रधानमन्त्री शाहले व्यवसायीहरूलाई कानुनको पालना गर्दै आफ्नो व्यावसायिक जिम्मेवारी पूरा गर्न, साना तथा मझौला होटलहरूलाई पर्यटन विभागमा दर्ता गरी करको दायरामा ल्याउन र सार्वजनिक-निजी साझेदारी (पिपिपी) ढाँचामा गर्न सकिने सहकार्यबारे अध्ययन गर्न आग्रह गर्नुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलको उपस्थितिमा भएको उक्त छलफलमा हानका पदाधिकारीहरूले मुलुकको होटल उद्योग वार्षिक ४० लाख पर्यटकलाई सेवा दिन सक्षम रहेको जानकारी गराउनुभयो । हाल वार्षिक १२ लाख मात्र पर्यटक भित्रिरहेका जानकारी दिँदै व्यवसायीहरूले पर्यटक आगमन बढेसँगै आन्तरिक रोजगारीमा वृद्धि गर्ने र नेपाली युवालाई वैदेशिक रोजगारीमा जानबाट रोक्न होटल उद्योग एक बलियो माध्यम बन्ने बताउनुभयो । मुलुकलाई आरोग्य पर्यटन, 'विवाह गन्तव्य' र सीमापार पर्यटनका रुपमा विकास गर्न प्रचुर सम्भावना रहेको औंल्याउँदै उहाँहरूले सरकारसमक्ष केही नीतिगत मागहरू प्रस्तुत गर्नुभएको छ। उहाँहरूले होटल उद्योगलाई अन्य उत्पादनमूलक उद्योग सरह विद्युत् महसुलमा सहुलियत दिन र साना तथा मझौला होटलका लागि २५ शय्यासम्मको सङ्क्षिप्त वातावरणीय मूल्याङ्कन अध्ययन अव्यावहारिक भएकाले त्यसलाई ५० शय्यासम्म कायम गर्न माग गर्नुभयो।

यसैगरी, उहाँहरूले पोखरा र भैरहवा विमानस्थललाई पूर्ण रूपमा सञ्चालन गरी नेपाल एयरलाइन्सको सेवामा सुधार ल्याउन अनुरोध गर्नुभयो । उहाँहरूले वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा प्रविधि हस्तान्तरणअन्तर्गत 'ट्रेडमार्क' प्रयोगको 'रोयल्टी' रकम, प्रचलित करबाहेक कूल बिक्री मूल्यको पाँच प्रतिशतभन्दा नबढ्ने व्यवस्था संशोधन गरी आपसी समझदारीमा मूल्य कायम गर्ने प्रबन्ध मिलाउन र होटल व्यवसायसँग सम्बन्धित अन्य कानुन संशोधन तथा पुनरावलोकन गर्न आग्रह गर्नुभएको थियो।

मुलुकलाई विवाह गन्तव्यका लागि गरगहना ल्याउने प्रक्रिया सहज बनाउन र आरोग्य पर्यटनको प्रवर्द्धनका लागि 'फोटो-भिडियो'मा मात्र सीमित नभई 'फुल स्टोरी टेलिङ' सहितको ' प्याकेज' र विज्ञहरूको व्यवस्था गर्न उहाँहरूले सरकारसँग आग्रह गर्नुभएको थियो।

हानका कार्यवाहक अध्यक्ष दिनेश तुलाधर, महासचिव साजन शाक्य, कोषाध्यक्ष युवराज श्रेष्ठ, कार्यसमिति सदस्यद्वय जयदिन श्रेष्ठ र आश्लेषा कार्की तथा सचिवालय प्रमुख टेकबहादुर महत सहभागी हुनुहुन्थ्यो।

## सरकार आर्थिक सुधारमा प्रयत्नशील छ: अर्थमन्त्री डा वाग्ले

**रासस**
काठमाडौं, ३१ असार

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिसबमोजिम नै अर्थसम्बन्धी केही नेपाल कानुन संशोधन र खारेज गर्न लागिएको स्पष्ट पार्नुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा 'अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले आफू अर्थमन्त्री भएकै दिन आर्थिक सुधारका लागि बाधक कानुन खारेजीको घोषणा गरेको बताउनुभयो।

"सो घोषणालाई मूर्तरुप दिन कानुनका रूपमा विधेयक अघि बढाइएको हो", मन्त्री डा वाग्लेले भन्नुभयो, "संसद्बाट कानुन बनाउनुपर्ने पनि हुन्छ, तर कानुनहरू खारेज गर्नुपर्ने पनि हुन्छ, त्यही प्रक्रियाका रूपमा विधेयक आएको हो, सरकार आर्थिक सुधारमा प्रयत्नशील छ, घोषणा गरिएका विषय कानुनीरुपमा कार्यान्वयन गर्दै लगिएको छ।"

उक्त प्रस्तावमाथिको छलफलमा मन्जु भुसाल, कृष्णहरि बुढाथोकी, नितिमा भण्डारी (कार्की), अशोककुमार चौधरी, माधवबहादुर थापा, सुशील खड्का, रेनुका काउँचा, विदुषी राणा, नरेन्द्रकुमार केरूङ, मदनकृष्ण श्रेष्ठ, बुद्धिप्रसाद पन्त, साजिदा खातुन सिद्धिकी, हरिप्रसाद भुसाल, गुरुप्रसाद बराल र पुष्पराज कँडेलले भाग लिनुभयो।

त्यसअघि बैठकमा अर्थमन्त्री डा वाग्लेले 'अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्' प्रस्ताव राख्नुभएको थियो । उक्त प्रस्तावलाई सभाले सर्वसम्मतरुपमा स्वीकृत गरेको थियो। बैठकमा सभामुख डोलप्रसाद अर्यालले उक्त विधेयकमाथि संशोधन दर्ता गर्न चाहने सांसदहरूले प्रतिनिधिसभाको विधेयक शाखामा सम्पर्क गर्न सक्ने जानकारी गराउनुभयो।

## गिद्ध संरक्षणसँगै पर्यटकीय र अध्ययन केन्द्रका रूपमा विकसित हुँदै जटायु रेष्टुरेन्ट

**रासस**
नवलपरासी, ३१ असार




नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोती नगरपालिकास्थित नमूना मध्यवर्ती सामुदायिक वनभित्र सञ्चालनमा रहेको जटायु रेष्टुरेन्ट अहिले गिद्ध संरक्षणको सफल नमूनासँगै पर्यटकीय तथा अध्ययन-अनुसन्धान केन्द्रका रूपमा विकास हुँदै गएको छ।

नाम सुन्दा मानिसका लागि सञ्चालन गरिएको रेष्टुरेन्टजस्तो लागे पनि यो गिद्धका लागि सुरक्षित आहार उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको संरक्षण केन्द्र हो। पशु उपचारमा प्रयोग हुने डाइक्लोफेनेक औषधिका कारण गिद्धको सङ्ख्या तीव्र रूपमा घट्न थालेपछि समुदाय, संरक्षणकर्मी र सरोकारवालाको सहकार्यमा सन् २००६ मा जटायु रेष्टुरेन्ट स्थापना गरिएको थियो । डाइक्लोफेनेकयुक्त औषधि प्रयोग गरिएका पशुको सिनो खाँदा गिद्धको मृत्यु हुने तथ्य पुष्टि भएपछि नेपालमा उक्त औषधिको प्रयोगमा रोक लगाइएको थियो।

जटायु रेष्टुरेन्ट स्थापना भएपछि यस क्षेत्रमा गिद्ध संरक्षणमा उल्लेखनीय सफलता हासिल भएको छ । नेपालमा पाइने नौ प्रजातिका गिद्धमध्ये आठ प्रजाति यहाँ अभिलेख भएका छन्। तीमध्ये चार प्रजाति रैथाने हुन् भने अन्य चार प्रजाति जाडोयाममा हिमाली क्षेत्रबाट बसाइँ सरेर आउने गरेको जटायु रेष्टुरेन्टका संयोजक डीबी चौधरीले बताउनुभयो।

रेष्टुरेन्ट स्थापना भएपछि गिद्धको सङ्ख्या बढ्नुका साथै स्थानीय समुदायमा पनि गिद्ध संरक्षणप्रति सकारात्मक सोचको विकास भएको छ । "पहिला गिद्धको संरक्षणबारे धेरैको चासो थिएन। अहिले गिद्ध प्रकृतिका लागि आवश्यक जीव भएको बुझाइ बढेको छ र स्थानीयवासी संरक्षण अभियानमा सक्रिय रूपमा सहभागी हुन थालेका छन्", संयोजक चौधरीले भन्नुभयो । कावासोती नगरपालिका-७, १२ र १३ रहेको नमूना मध्यवर्ती सामुदायिक वनको करिब ५० हेक्टर क्षेत्रफलमा फैलिएको संरक्षण क्षेत्रमा गिद्धका लागि सुरक्षित वासस्थान व्यवस्थापन गरिएको छ । गिद्धले बास बस्न रुचाउने सिमललगायतका अग्ला रूख रोप्ने, स्वच्छ पानीको व्यवस्था गर्ने, नियमित रूपमा सुरक्षित आहार उपलब्ध गराउने तथा घाइते वा कमजोर गिद्धको उपचार र निगरानी गर्ने व्यवस्था गरिएको जटायु रेष्टुरेन्टका कर्मचारी यम नेपालीले बताउनुभयो।

जटायु रेष्टुरेन्ट अहिले संरक्षण केन्द्रमा मात्र सीमित छैन। पछिल्लो समय यहाँ गिद्ध अवलोकनका लागि जिल्लाभित्र तथा बाहिरबाट पर्यटकहरू आउने गरेका छन् । वनभित्र निर्माण गरिएको 'सी-ब्लक' (सी आकारको अवलोकन गृह) बाट पर्यटक तथा अनुसन्धानकर्ताले गिद्धले आहार ग्रहण गरिरहेको दृश्य नजिकबाट अवलोकन गर्न सक्छन् । गिद्ध संरक्षणसँगै यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गएको छ । वन्यजन्तु संरक्षण, जैविक विविधता र चराचुरुङ्गी अध्ययनमा रुचि राख्ने विद्यार्थी तथा अनुसन्धानकर्ताका लागि पनि यो क्षेत्र आकर्षक गन्तव्य बन्दै गएको कर्मचारी नेपालीले बताउनुभयो । समुदायको सक्रिय सहभागिता, व्यवस्थापन र संरक्षणप्रतिको प्रतिबद्धताले जटायु रेष्टुरेन्टलाई गिद्ध संरक्षण, प्रकृति पर्यटन तथा अध्ययन-अनुसन्धानलाई एकैसाथ प्रवर्द्धन गर्ने देशकै सफल नमूनामध्ये एकका रूपमा स्थापित गरेको छ । स्थानीयवासीको अपनत्व र संरक्षणप्रतिको जागरणले सङ्कटापन्न गिद्धको संरक्षणमा मात्र होइन, पर्यावरणीय सन्तुलन कायम राख्न समेत महत्वपूर्ण योगदान पुऱ्याइरहेको डिभिजन वन कार्यालय नवलपुरका सूचना अधिकारी सुवास अधिकारीले बताउनुभयो । डिभिजन वन कार्यालयबाट समेत गिद्ध संरक्षणको प्रयासलाई थप सबल बनाउनका लागि विभिन्न समयमा आवश्यक कार्यहरू गर्ने गरिएको उहाँले बताउनुभयो।



# साउन २ गते थ्री बाई थ्री (३/३) खुला बास्केटबल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

भगवती युवा क्लब राखु भगवती, म्याग्दीको आयोजनामा सुलभ प्रिजेन्ट्स थ्री बाई थ्री (३/३) खुला पुरुष तथा महिला बास्केटबल प्रतियोगिता हुने भएको छ।

प्रतियोगिता आगामी साउन २ गते पोखरा रंगशालास्थित कभर्ड हलमा आयोजना हुने भएको हो । प्रतियोगिताबारे जानकारी दिन बुधवार आयोजित पत्रकार सम्मेलनमा क्लबले सामाजिक चेतना, अनुशासन, गतिशीलता, स्वाभिमान र विकास, क्लबको पहिचान भन्ने मूल नारालाई आत्मसात गर्दै पहिलो पटक म्याग्दी बाहिर खेलकुद कार्यक्रम आयोजना गर्न लागिएको प्रतियोगिता संयोजक




सुलभ मल्लले जानकारी दिए।

क्लबले राखु भगवती क्षेत्रमा हरेक वर्ष कोत पूजामा विशेष सहयोग, वडादशैं मेला सञ्चालन तथा विभिन्न सामाजिक गतिविधिमा सक्रिय भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै पोखरामा आयोजना हुने प्रतियोगिताले खेलमार्फत युवाबीच आपसी भाइचारा, सद्भाव र एकता अभिवृद्धि हुने विश्वास व्यक्त गरेको छ । प्रतियोगितामा पुरुषतर्फ १५ तथा महिलातर्फ ५ टोलीको सहभागिता रहनेछ। तनहुँ, कास्की, म्याग्दी, काठमाडौं, पर्वतलगायत विभिन्न जिल्लाका खेलाडीहरूले प्रतिस्पर्धामा भाग लिने प्रतियोगिता संयोजक सुलभ मल्लले बताए । उनका अनुसार पुरुषतर्फ विजेताले ४२ हजार २ सय २२ रुपैयाँ नगदसहित ट्रफी, मेडल र गिफ्ट ह्याम्पर प्राप्त गर्नेछन् भने उपविजेताले २२ हजार २ सय २२ रुपैयाँ नगद, ट्रफी, मेडल र गिफ्ट ह्याम्पर पाउनेछन्। त्यसैगरी महिलातर्फ विजेताले २५ हजार २ सय २२ रुपैयाँ तथा उपविजेताले १५ हजार २ सय २२ रुपैयाँ नगदसहित ट्रफी, मेडल र गिफ्ट ह्याम्पर प्राप्त गर्नेछन ।

प्रतियोगितामा अमित मल्ल एण्ड फेमिलि यु एस ए बाट प्रथम पुरस्कार प्रायोजन रहेको छभने पावर्ड वाई एक्स्ट्रीम रहेको छ । संयोजक सुलभ मल्लका अनुसार प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न आवश्यक तयारी अन्तिम चरणमा पुगेको छ ।

पत्रकार सम्मेलनको सञ्चालन सुदिप वावुले गरेका थिएभने कार्यक्रममा विभिन्न ब्याक्तित्व, बास्केटवल संघ र रेफ्रीहरुको समेत सहभागीता रहेको थियो ।

# सेतीनदीमा अवैध नदीजन्य पदार्थ उत्खनन गर्ने ३ वटा टिप्पर र चालकलाई कार्वाही

**पोखरापत्र संवाददाता**
पोखरा ३१ असार

पोखराको सेतीनदी किनारामा अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन गर्ने ३ वटा टिप्पर र चालकलाई कार्वाही गरिएको छ।

पोखरा महानगरपालिका-२५ स्थित सेती नदी किनारबाट अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन गरिरहेको अवस्थामा तीन वटा टिप्पर र चालकलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक कार्वाही गरेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ । असार ३० गते राति करिब १०:१५ बजे अवैध रूपमा बालुवा उत्खनन भइरहेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको टोलीले उक्त स्थानमा पुगेर बालुवा सवारी साधनमा लोड गरिरहेको अवस्थामा तीन वटा टिप्पर नियन्त्रणमा लिएको



कार्यालयका सूचना अधिकारी विरेन्द्रकुमार पासवानले बताउनु भयो । नियन्त्रणमा परेका सवारी साधन तथा चालकलाई आवश्यक कारबाहीका लागि पोखरा महानगरपालिकाको कार्यालय पठाइएको उहाँले जनाउनु भयो। महानगरपालिकाले प्रत्येक टिप्परलाई १५ हजार रुपैयाँका दरले जरिवाना गरी छाडेको प्रहरीले उल्लेख गरेको छ। नियन्त्रणमा परेका चालकहरूमा गोरखा स्थायी घर भई हाल पोखरा महानगरपालिका-१९ लामाचौर बस्ने २६ वर्षीय सुजन गुरुङ रहनु भएको छ। उहाँले ग १ क ४४७२ नम्बरको टिप्पर चलाउनु भएको थियो। त्यसैगरी रुकुम स्थायी घर भई हाल पोखरा महानगरपालिका-१ सिम्पानी बस्ने २६ वर्षीय विकास घर्तीले चलाएको जिएए ००७६ नम्बरको टिप्पर तथा ओखलढुंगा स्थायी घर भई हाल पोखरा महानगरपालिका-२५ याम्दी बस्ने २५ वर्षीय राजु मगरले चलाएको जिएए ०१२४ नम्बरको टिप्पर पनि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

# रातोपैह्रा सामुदायिक वन समूहको अध्यक्षमा पोखरेल

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

गण्डकी,३१ असार : रातोपैह्रा सामुदायिक वन उपभोक्ता समूहको २२ औ बार्षिक साधारण सभा एवम् १२ औ अधिवेशनले भगवान पोखरेलको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्य समिति सर्वसम्वतरुपमा चयन गरेको छ।

समूहको उपाध्यक्षमा विष्णु थापा, सचिवमा लेस्ली ठुसाजु, कोषाध्यक्ष द्धारिका श्रेष्ठ र सदस्यहरुमा कृष्ण रानामगर, शंकर श्रेष्ठ, रामचन्द्र कार्की, मिना गुरुङ, फिरोज ठुसाजु, रमेश थापा, धना चापागाई, संगम लामा ,नरवहादुर जलाहारी, शुशिल नेपाली, निरु नेपाली, ममता क्षेत्री कृष्णरानामगर, भिम कुमारी भुजेल, निरु नेपाली, ममता क्षेत्री, मिना गुरुङ, धना चापाचाई, र डिलमाया गिरी रहनु भएको छ।

त्यसै गरि अधिवेशनले लेखा समितिको संयोजकमा नरहरि पौडेलले र सदस्यमा वलराम वराल र सकुन्तला ढकाल सदस्य एवम् न्यायिक समितिको संयोजकमा युवराज अधिकारी र सदस्यहरुमा गणेश पौडेल र डिल्लीराम चापागाई रहनु भएको छ । पोखरा महानगरपालिका वडा नं. १७ वडाअध्यक्ष राधिका शाही योगीले सो अविधेशनको



रक्तचन्दनको विरुवामा सिन्चित गरि कार्यक्रमको उद्घाटन गर्दै वन क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकासमा उपभोक्ता समुहले खेलेको भूमिका अतुलनीय रहेको बताउनुभयो । सामुदायिक वन क्षेत्रमा पर्यापर्यटनको विकास एवम् वन उद्यमसंग जोड्नु पर्ने आवश्यकता औल्याउँदै उहाँले वन क्षेत्रको प्रवर्द्धनका लागि वडा कार्यालयकोतर्फबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

डिभिजन वन कार्यालय कास्कीका वन अधिकृत राजेन्द्र शर्माले उपभोक्ताको अथक प्रयासवाट वन क्षेत्रको विकास र विस्तारमा पुगेको योगदानले आज नेपाल विश्वसामु सामुदायिक वनको देशकारुपमा परिचित भएको बताउँदै प्राकृतिक श्रोतलाई मुलुकको समृद्धिसंग जोड्नु पर्ने आवश्यकता औल्याउनुभयो।

सेतीनदीको किनाराको भिरालो पाखोमा अवस्थित साढे वाह्र हेक्टर क्षेत्रफलमा फैलिएको वनमा हाल ९५ जना उपभोक्ता आवद्ध रहेको समुहका निवर्तमान अध्यक्ष एवम् कार्यक्रम सञ्चालक हरि वास्तोलाले जानकारी दिनुभयो । २०५२ सालमा समुदायलाइ हस्तान्तरण गरिएको सो क्षेत्रमा तत्कालिन इलाका वन कार्यालय कुडहर एवम् स्थानीयवासिन्दाको सकृयतामा वृक्षारोपण गरिएको वन उपभोक्ता समितिद्धारा विभिन्न समय रापेका चाँप, उत्तिस,रुद्राक्ष, वाँस, लप्सी, पाउलोनीय तथा प्राकृतिक विरुवा हुर्केपछि यतिखेर हरियालीमा परिणत भएको उहाँको भनाई छ।

कालजरुवा सञ्जिवनधारी सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष विक्रम वावु भण्डारीले पछिल्लो समय सामाजिक क्षेत्रमा काम गर्न समाजवाटै अप्ठेरो परिस्थिती श्रृजना हुने गरेकोमा दुख्ख व्यक्त गर्दै सामुदायिक वनको विकास र उपयोगमा तीनै तहका सरकार जिम्मेवार हुनु पर्ने बताउनुभयो । समुहका कार्यवाहक अध्यक्ष टिका वहादुर द्धारेको अध्यक्षतामा भएको कार्यक्रममा ढुङ्गेसाघुँ बोर्डिङ स्कुलका पिन्सिपल विष्णु जिसी, एस एण्ड एस डेरी प्रालिका अध्यक्ष शिवहरि आचार्य, ओमकारेश्वर महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष देव वहादुर थापा, वन समुहका सहसचिव भगवान पोखरेलले सामुदायिक वनको महत्व माथि चर्चा गर्नुभएको थियो।

कार्यक्रममा समुहका कोषाध्यक्ष समुहका कोषाध्यक्ष विष्णुमाया तिमिल्सिनाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै चार लाख वरावरको आयव्यय प्रस्तुत गर्नुभएको थियो । वन क्षेत्रमा रहेको ओमकारेश्वर मन्दिर र वन समुह विच समन्वय नहुनु र विभिन्न समयमा परेका उजुरीका कारण समुहको अधिवेशन गर्न ढिलाई हुन गएको सो अवसरमा प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ।

# देशभर ५० प्रतिशत धान रोपाइँ सम्पन्न

**रासस**
काठमाडौं, ३१ असार

देशभर हालसम्म करिब ५० प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ।

कृषि विभागका अनुसार यस वर्ष १३ लाख ७० हजार हेक्टर क्षेत्रफलमा धान रोप्ने लक्ष्य रहेकामा हालसम्म ६ लाख ८२ हजार हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको छ । विभागका महानिर्देशक राजेन्द्र कोइरालाले गत वर्ष यही अवधिसम्म ६० प्रतिशत रोपाइँ भएको भए पनि यस वर्ष ५० प्रतिशत मात्र रोपाइ सम्पन्न भएको जानकारी



दिनुभयो । प्रदेशगत रूपमा सबैभन्दा बढी सुदूरपश्चिममा ८७ प्रतिशत रोपाइँ भएको छ । त्यसपछि गण्डकीमा ६५ दशमलव नौ प्रतिशत, कर्णालीमा ६० प्रतिशत, लुम्बिनीमा ५९ प्रतिशत र बागमतीमा ५७ दशमलव एक प्रतिशत रोपाइँ भएको छ । कोशीमा ३२ प्रतिशत र मधेसमा ३२ दशमलव सात प्रतिशत मात्रै रोपाइँ भएको विभागले जनाएको छ । देशका धेरै ठाउँमा वर्षा भइरहेकाले आगामी एक सातामा धान रोपाइँ अझ बढ्ने विभागको अपेक्षा छ। बाढी, पहिरो वा अन्य प्राकृतिक विपद् नआएमा रोपाइँ अझै तीव्र हुने विभागले जनाएको छ।

# पाँच हजार ८५७ घर पहिरोको खोजिममा

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ असार

बागलुङमा पाँच हजार ८५७ घर बाढी पहिरोको उच्च खोजिममा रहेका छन् । जिल्ला विपद् व्यवस्थापन समितिले १० वटै पालिकाका जोखिमयुक्त बस्ती तथा घरहरूको पहिचान गरेको हो । वर्षातको समयमा जोखिम रहेका बस्ती र घरमा बस्दा सजकता अपनाउन समितिले आग्रह गरेको छ।

खासगरी जिल्लाको भिरालो तथा नदी किनारमा रहेका घर तथा बस्ती बाढी पहिरोको उच्च जोखिममा रहेको सहायक प्रमुख जिल्ला अधिकारी नवराज बरालले जानकारी दिनुभयो। उहाँका अनुसार सबैभन्दा बढी घर निसीखोला गाउँपालिकामा छन् भने सबैभन्दा कम तमानखोलामा छन्। निसीखोला गाउँपालिकामा दुई हजार ४३८ घर बाढी पहिरोको जोखिममा छन् । तमानखोला भने ११५ घर जोखिममा रहेको बरालले जानकारी दिनुभयो । बागलुङ नगरपालिकामा एक हजार ५५५, गलकोट नगरपालिकामा १२५, ढोरपाटन नगरपालिकामा ३९०, जैमिनी नगरपालिकामा १६५, बरेङ गाउँपालिकामा २१०, बडिगाड गाउँपालिकामा १६०, ताराखोला गाउँपालिकामा १४४ र काठेखोला गाउँपालिकामा ७२० घर बाढीपहिरोको जोखिममा छन्।

घर र बस्तीसँगै दर्जनौं स्थानका विद्यालय, सिँचाइ, कुलो, विद्युत् गृह, सयौं रोपनी खेतीयोग्य जमिन जोखिममा रहेका उहाँले बताउनुभयो। मनसुन सुरु भएको हुँदा जोखिममा बस्ती रहेका नागरिकले सतकर्ता अपनाउन जरुरी रहेको उहाँको भनाइ छ । विपद् व्यवस्थापनका लागि समिति आवश्यक उपकरण र जनशक्ति तयारी अवस्थामा राखेको बराल बताउनुहुन्छ। उहाँले भन्नुभयो, "अप्ठ्यारो भूगोलका कारण बागलुङको अधिकांश ठाउँ बाढी पहिरोको उच्च जोखिममा छन्, विपद्बाट जोखिनका लागि नागरिकलाई सचेत गराएको छ, विगतमा जिल्लाका विभिन्न ठाउँमा बाढी पहिरोले ठूलो धनजनको क्षति गरेको छ, त्यस्ता विपद् कहाँ कतिबेला आउँछ थाहा नहुने हुँदा सतर्कता अपनाउन जरुरी छ ।" ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले जोखिमयुक्त ठाउँका नागरिकलाई ठूलो वर्षा हुँदा सुरक्षित स्थानमा बस्न आग्रह गरेको बताउनुभयो। विसं २०७७ भदौ १७ गते राति भुजीखोलामा आएको भीषण बाढीले ठूलो क्षति पुऱ्याएको भन्दै अहिले पनि खोला नजिकका बस्ती जोखिममा रहेको उहाँको भनाइ छ।

# अन्तरराष्ट्रिय पदक विजेता खेलाडीलाई नगद पुरस्कारसहित सम्मान गरिने

**रासस**
काठमाडौं, ३१ असार

सरकारले अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जित्ने नेपाली खेलाडी तथा खेलाडी टोलीलाई नगद पुरस्कारसहित सम्मान गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को मङ्गलबार बसेको बैठकले अन्तरराष्ट्रिय प्रतियोगितामा पदक हासिल गरेका खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापकलाई नगद पुरस्कार तथा सम्मान-पत्र प्रदान गर्ने निर्णय गरेको हो। शिक्षा तथा खेलकुद मन्त्रालयले खेलाडीको सम्मान र प्रोत्साहनका लागि नगद पुरस्कारसहित सम्मान गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरेको थियो । सोही प्रस्तावका आधारमा सरकारले अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक हासिल गरेका खेलाडी तथा खेलाडी टोलीलाई सम्मान गर्न लागेको हो । मन्त्रालयका अनुसार राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ (दोस्रो संशोधन, २०८२) अनुसार खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक तथा फिजियोसहितको टोलीलाई कूल रु १० करोड ५१ लाख ४८ हजार ५०० नगद पुरस्कार प्रदान गरिनेछ। यसअघि पनि अन्तरराष्ट्रिय पदक विजेता खेलाडीलाई नगद पुरस्कार प्रदान गरिँदै आए पनि यो हालसम्मकै ठूलो नगद पुरस्कार राशि हो।

सरकारले खेलाडी तथा खेलाडी टोलीलाई प्रोत्साहन गर्ने उद्देश्यले पहिलो पटक यति ठूलो रकम पुरस्कारस्वरूप प्रदान गर्न लागेको मन्त्रालयले जनाएको छ । मन्त्रालयको वार्षिक कार्यक्रमअनुसार अन्तरराष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक तथा फिजियोसहितका १०१ जनालाई नगद पुरस्कारसहित सम्मान गरिनेछ। प्रस्तावित पुरस्कार सूचीमा मालदिभ्समा सम्पन्न १५औँ विश्व बडी बिल्डिङ एन्ड फिजिकल च्याम्पियनसिप-२०२४ का पदक विजेता चार खेलाडी समावेश छन् । त्यसैगरी, भारतमा सम्पन्न प्रथम खो-खो विश्वकप-२०२५ मा रजत पदक प्राप्त गर्ने महिला टोलीका १८ तथा पुरुष टोलीका १८ खेलाडीलाई पनि पुरस्कार प्रदान गरिनेछ।

त्यस्तै, युडब्लु एसियन बेल्ट रेस्लिङ-२०२५ का कास्य पदक विजेता तीन खेलाडी, मलेसियामा सम्पन्न १०औँ एसियाली पारा तेक्वान्दो प्रतियोगिता-२०२५ का कास्य पदक विजेता तीन खेलाडी, चीनमा सम्पन्न छैटौँ एसियन बीच गेम्स-२०२६ अन्तर्गत बीच कबड्डी महिला टोलीका कास्य पदक विजेता सात खेलाडी तथा मलेसियामा सम्पन्न एसिसी मेन्स यू-१६ इस्ट जोन कप-२०२५ का स्वर्ण पदक विजेतासहित १७ खेलाडीलाई पनि मन्त्रालयले पुरस्कृत गर्नेछ। यस्तै, थाइल्यान्डमा सम्पन्न ५७औँ बडी बिल्डिङ एन्ड फिजिकल च्याम्पियनसिप-२०२५ का कास्य पदक विजेता एक खेलाडी, श्रीलङ्कामा सम्पन्न एसियन प्यासिफिक मोटरस्पोर्ट च्याम्पियनसिप-२०२५ का स्वर्ण पदक विजेता एक खेलाडी, बहराइनमा सम्पन्न आइएसएफ जिम्नासियाड-२०२४ का स्वर्ण र कास्य पदक विजेता नौ खेलाडी तथा ओमानमा सम्पन्न एसिसी मेन्स इस्ट जोन क्वालिफायर-२०२४ मा स्वर्ण पदक जित्दै विश्वकपमा छनोट भएका २० खेलाडीलाई पनि नगद पुरस्कार प्रदान गरिनेछ।

राष्ट्रिय खेलकुद परिषद्को सिफारिसका आधारमा तयार गरिएको प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएसँगै सम्बन्धित खेलाडी तथा टोलीलाई नगद पुरस्कारसहित सम्मान गरिने मन्त्रालयले जनाएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# मौसिमी नबनोस जलन अस्पताल बनाउने घोषणा

डेढ वर्ष अघि पोखरा महानगरपालिकाले आयोजना गरेको कार्यक्रममा बेलुन विष्फोट हुँदा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र मेयर धनराज आचार्य जलनमा परे।पोखरामा जलन भएका दुवैलाई हेलिकप्टरबाट काठमाडौं पुऱ्याइयो । किर्तीपुरको जलन अस्पतालमा उपचारपछिदुवैजना निको भए । त्यसै बेला पोखरामा जलन अस्पताल बनाउने वाचा पनि भए । अहिले कति प्रगति भयो सरकारले प्रगति विवरण दिएको छैन । यसै साता सर्लाहीका विवेक मण्डलले आत्मदाह गरे उनलाई सेनाको हेलिकप्टरबाट काठमाडौं ल्याइयो। प्रधानमन्त्री ,सभामुख र स्वास्थ्य मन्त्रीको पहलले सेनाको हेलिकप्टरबाट काठमाडौं ल्याएर किर्तीपुर जलन अस्पतालमा उपचार गरिएकामा मण्डललाई बचाउन सकिएन । भौगोलिक विकटता र यातायातको असहजताका कारण कतिपय बिरामीले त बाटोमै ज्यान गुमाउनु पर्छ भने कतिपय ढिलो आइपुग्दा सङ्क्रमण फैलिएर अङ्गभङ्ग हुने जोखिम हुन्छ । जलनको आर्थिक पाटो झनै कहालीलाग्दो छ । उपचार खर्च महँगो छ । गरिब तथा विपन्न नागरिकलाई खर्च धान्न गाह्रो छ । जलनको सिकार हुने नागरिक ग्रामीण भेगका, आर्थिक रूपमा विपन्न र श्रमजीवी वर्गका बढी हुन्छन् । यसको महिनौं लामो उपचार, सघन शल्यक्रिया र पुनर्स्थापना प्रक्रिया महँगो छ । गम्भीर जलन भएको सामान्य परिवारको व्यक्तिका लागि यसकै कारण घरबारी बेच्नुपर्ने अवस्था आउँछ । पहुँचवाला र उच्चपदस्थ व्यक्ति जलन हुँदा सरकारी खर्चमा विदेशमा महँगो उपचार गराउन सक्छन् तर दूरदराजका गरिब र विपन्न नागरिक भने आफ्नै देशमा भएको सीमित उपचारसेवासमेत नपाएर मर्नुपर्ने अवस्था छ ।

जलनको गम्भीर समस्यालाई घटना भएका बेला चर्चा हुन्छासातै प्रदेश र प्रमुख शहरमा बनाइहाल्ने हुटहुटी हुन्छ।राजनीतिक घटना होस या अन्य कारणले जलनलाई सामाजिक समस्याको रुपमा नलिदा तात्यो अनि सेलायो जस्तै भएको छ।अहिले फेरि सरकारले गम्भीरतापूर्वक लिएको छ । प्रधानमन्त्री वालेन्द्र शाहले देशका सातै प्रदेशमा सुविधासम्पन्न जलन उपचार केन्द्र स्थापना गर्ने प्रक्रिया अगाडि बढाउन र सरकारी अस्पतालका बर्न वार्ड सुदृढ गर्न निर्देशन दिएका छन । तत्कालीन अर्थमन्त्री पौडेलले बजेटमा जलन वार्ड बनाउने घोषणा गरे लगत्तै जेनजी आन्दोलनले सत्ता ढल्यो। जलन अस्पताललाई सुविधा सम्पन्न बनाउने र अस्पतालमा जलन वार्ड बनाउने योजना जेनजी आन्दोलनले डढायो सरकारले जान्ने विषय हो। आगो लागेपछि कुवा खन्ने भनेजस्तै सोमबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिसँग प्रधानमन्त्री बालेन्द्र शाहले गम्भीर विचारविमर्श गरेको समाचार आएको छ। प्रधानमन्त्रीले प्रमुख सरकारी अस्पतालमा सञ्चालित जलन उपचार सेवासमेत सुदृढ बनाउन आवश्यक तयारी गर्न निर्देशन दिनु सकारात्मक पहल हो। विगतमा सरकारका निर्देशन, नीति तथा निर्देशिका कागजमै सीमित भए । अबको आवश्यकता केवल निर्देशनको होइन, दृढ इच्छाशक्ति र द्रुत कार्यान्वयनको हो । ' जलनको सघन उपचार सेवा विस्तार गर्नेसम्बन्धी कार्यविधि' लाई व्यवहारमा उतार्नु पर्छ । त्यसका लागि आवश्यक बजेट, अत्याधुनिक उपकरण र दक्ष चिकित्सकको टोली तत्काल प्रदेशस्तरमा व्यवस्थापन गरिनु पर्छ । नागरिकको जीवनरक्षाभन्दा ठुलो प्राथमिकता राज्यको अरू केही हुन सक्दैन । सङ्घीय सरकारले प्रत्येक प्रदेशमा कम्तीमा एउटा विशिष्टीकृत जलन उपचार केन्द्र स्थापना गर्न अब ढिलाइ गर्नुहुँदैन । अझ पोखरा जस्तो पर्यटनको राजधानीमा त अतिआवश्यक छ। स्थानीय तहमा प्राथमिक जलन व्यवस्थापन र टेलिमेडिसिन सेवाको सञ्जाल विस्तार गरी जनचेतना फैलाउनु उत्तिकै जरुरी छ ।

गम्भीर प्रकृतिका जलनका बिरामीले समयमै गुणस्तरीय उपचार पाउने व्यवस्था सुनिश्चित गर्न सङ्घ, प्रदेश र सम्बन्धित स्वास्थ्य संस्थाबिच आवश्यक प्रभावकारी समन्वय गर्न आवश्यक छ । जलन उपचार कक्ष भएका अस्पतालमा अझ प्रभावकारी सेवा सञ्चालन गर्न र सात वटै प्रदेशमा जलनका बिरामीको छिटो उपचार गर्ने व्यवस्था कसरी मिलाउने भन्ने विषय आफैँमा चुनौतीपूर्ण छ । जलन सेवा भएका अस्पतालको सेवालाई प्रभावकारी र सहज बनाउनु पर्छ । राज्यले यस संवेदनशील विषयलाई राष्ट्रिय स्वास्थ्य एजेन्डाको प्राथमिकतामा राखी युद्धस्तरमा काम गर्नु पर्छ । अहिले जलनका गम्भीर बिरामी सीमित अस्पतालमा मात्रै केन्द्रित हुनुपर्ने अवस्था रहेकाले प्रत्येक प्रदेशमा कम्तीमा पनि एउटा सुविधासम्पन्न जलन उपचार केन्द्र बनाउन प्रदेश सरकार, स्थानीय तह र अभियन्ताको सक्रियता पनि आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'हरित आय'ले बदलेको महिलाको दैनिकी

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ असार

तीन वर्ष अघिसम्म बडिगाडका महिला चुलोचौको र खेतबारीकै काममा सीमित थिए । वर्षभरि बारीमा लगाएको धान, गहुँ, मकै र कोदोले छ महिना खान पुग्दैनथ्यो ।

चुरा, पोते र सामान्य शृङ्गारका सामान किन्न पनि श्रीमान् र परिवारमै भर पर्नुपर्ने अवस्था थियो । तर अहिले उनीहरू खाद्यबालीमात्रै खेती गर्दैनन् । मकै, कोदो गहुँ फलाउने बारीमा आजकल लटरम्म गोलभैँडा, अकबरे फल्छन् । गाईभैँसी बाँध्ने गोठ आधुनिक खोरका रूपमा विकास भएका छन् ।

खोरमा रहर लाग्दा बाख्राका पाठापाठी र बोका रमाइरहेका देखिन्छन् । व्यावसायिक कृषि र पशुपालनमा लागेका महिला सामान्य खर्चको जोहो गर्न अरुमा निर्भर हुनु पर्दैन । बाह्रै महिना परम्परागत खेतीपाती गर्दै आए पनि परिवार चलाउन समस्या हुन्थ्यो । तर, अहिले मौसमी तथा बेमौसमी तरकारी फलाउँदा परिवार चलाउन समस्या छैन । बडिगाड गाउँपालिका र अन्य साझेदार संस्थाको सहयोगमा सञ्चालित ' हरित आय' कार्यक्रममार्फत यहाँका महिला आत्मनिर्भर बन्ने बाटोमा छन् । विसं २०८० पुसदेखि 'हरित आय' कार्यक्रम बडिगाडका १० वटै वडामा कार्यान्वयन भइरहेको छ । कार्यक्रमले गाउँगाउँका महिलालाई एकताबद्ध गरेर सामूहिक तथा एकल रूपमा व्यावसायिक कृषि र पशुपालनतर्फ आकर्षित गरेको छ । कार्यक्रममा एक हजार ५६ घरपरिवारका महिला आबद्ध भएर उद्यमी बन्न थालेको बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो । "हरित आय कार्यक्रमले यहाँका महिला दिदीबहिनीको जीवनशैली बदलिएको छ, विगतमा सामान्य खर्च जुटाउनका लागि अरुमा निर्भर हुनुपर्थ्यो भने अहिले आफ्नै मिहिनेतले हाम्रो आम्दानी गर्ने हुनुभएको छ", अध्यक्ष अधिकारीले भन्नुभयो, "यो कार्यक्रमले गरिबी निवारण गर्न र महिलालाई आत्मनिर्भर बनाउन थालेको छ ।" कार्यक्रमले ग्रामीण महिलाको आयआर्जनसँगै नेतृत्व र सकारात्मक सोचको विकास गरेको बडिगाड गाउँपालिका-१ की उद्यमी दुर्गा थापाले बताउनुभयो । गत वर्षसम्म तरकारीसमेत बजारबाट किनेर खाने गरेकामा अहिले बारीभरि लटरम्म गोलभैँडा, अकबरे उत्पादन भएको उहाँको भनाइ छ । हरित आय कार्यक्रममार्फत तरकारीखेती, बाख्रापालन र नेतृत्वविकाससम्बन्धी तालिम दिएपछि अहिले दैनिकी फेरिएको थापाले सुनाउनुभयो । उहाँले भन्नुभयो, "पहिला हाम्रो दैनिकी चुलोचौको र अरुको मेलापात गर्दा बित्थ्यो, तर अहिले त्यो अवस्था फेरिएको छ । आफ्नै बारीमा काम गर्दा भ्याइनभ्याई छ, पहिले मकै, कादो र फापर फलाएर वर्षभरि खान पुग्दैनथ्यो, अहिले त्यही बारीमा फलेको तरकारीले वर्षभरि खान पुग्छ, बालबच्चालाई पढाउन र घर खर्च चलाउने पैसा पनि आउँछ ।"

कार्यक्रममार्फत महिलाई उन्नत जातका बाख्रा, बोका, मिनिटेलर हलो, प्लास्टिक टनेल उपलब्ध गराइएको थियो ।

बडिगाड-७ को टुनीबोटका महिलाले बारीमा व्यावसायिक अकबरे लगाएका छन् । गत वर्षदेखि सुरु भएको अकबरे खुसार्नीको उत्पादन र खेतीले अहिले व्यापकता पाएको छ । गाउँका महिला अकबरेखतीप्रति आकर्षित भएपछि खाली जमिन पनि उपयोगमा आउन थालेको स्थानीय उद्यमी कुमारी रोका गुरुङले बताउनुभयो । पहिले एकदुई मुरी मकै, गहुँ फल्ने बारीमा लाखौं रुपैयाँका अकबरे फल्ने गरेको उहाँको भनाइ छ । स्थानीय महिलाले रु २० हजारदेखि रु एक लाखसम्मको अकबरे बिक्री गरेको गुरुङ बताउनुहुन्छ । "ठाउँ यहीँ हो, बारी यहीँ हो, खेती परम्परागत रूपमा गरेका थियौँ, त्यसरी खेती गर्दा हाम्रो जीविकोपार्जनमा समस्या थियो, तर अहिले बल्ल सीप सिक्यौँ", गुरुङले भन्नुभयो, "अब सामान्य कमाइका लागि विदेश जानु हुँदैन, हाम्रै बारीमा पैसा फल्दोरहेछ । खुसार्नी बेचेर पनि राम्रो कमाइ गर्न सकिँदोरैछ ।"

# सम्पत्ति छानबिन नगर्न अन्तरिम आदेश

**रासस**
काठमाडौं, ३१ असार

सम्पत्ति छानबिन आयोगलाई कसैको पनि सम्पत्ति छानबिन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले बुधबार सर्वोच्च अदालतको आदेशविपरीत आयोगले सूचना प्रकाशित गरेको पूर्ण इजलासबाट रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कसैको पनि सम्पत्ति विवरण माग गर्न र जाँचबुझको काम अघि नबढाउन अन्तरिम आदेश गरेको हो । पूर्वन्यायाधीश फोरम नेपाल र अधिवक्ता एमआर उपाध्यायले दायर गर्नुभएका छुट्टाछुट्टै रिट निवेदनको सुनुवाइपछि अदालतले उक्त आदेश जारी गरेको हो । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार आयोगलाई तत्काल काम अघि नबढाउने आदेश भएको र आदेशको लिखित पाठ भने आउन बाँकी छ ।

यसअघि, सर्वोच्च अदालतले यही असार २६ गते न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले प्रस्तुत रिट निवदेनको पूर्ण इजलासबाट अन्तिम टुङ्गो नलाग्दासम्म कसैलाई पनि सम्पत्ति विवरण पेश गर्न बाध्य नपार्नु, पेस हुन आएको सम्पत्ति विवरण उपर छानबिन गर्ने कार्य यथास्थितिमा राख्नु र कसैउपर पनि कुनै पनि किसिमको कानुनी कारबाहीका लागि सिफारिस नगर्नु नगराउनु अन्तरिम आदेश गरेको थियो । अदालतको आदेशसको पूरै प्रतिकूल हुने गरी आयोगले यही असार २९ गते सूचना प्रकाशित गरेपछि सर्वोच्च अदालतमा आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारी र सदस्यहरू पुरुषोत्तम पराजुली, चण्डीराज ढकाल, गणेश केसी, प्रकाश लम्साल र सम्पत्ति आयोगलाई अदालतको अवहेलनामा निवेदन दायर गरिएको छ ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २२ निवासी भारतीय भु.पु.सै.नं. ५८४४३०१ A हवल्दार मोति राज बरालको श्रीमती हिरा देवी बरालको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर हिरा देवी बराल, जन्म मिति वि.सं. २०१९।०८।२१ तदानुसार ई.सं. १९६२-१२-०६ भएको साथै पेन्सन अभिलेखमा नामथर हिरा देवी, जन्म मिति ई.सं. १९६३-०३-०८ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २२ नं. वडा कार्यालयको च.नं. ३९४२ मिति २०८३।०३।३० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**


# घरपझोङ चक्रपथ जोड्ने ठिनीमा पक्की पुल

**रासस**
मुस्ताङ, ३१ असार

मुस्ताङको घरपझोङ गाउँपालिका-५ स्थित ठिनी खोलामा पक्की मोटरेबल पुल निर्माण सम्पन्न भएको छ । गण्डकी प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालय मुस्ताङले निर्माण गरेको पुल निर्धारित समयअघि नै सम्पन्न भएको हो ।

चालु आर्थिक वर्षमा घरपझोङ चक्रपथसँगै ठिनी खोलाको पुल निर्माण सम्पन्न भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ । दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित निर्माण सुरु गरिएको पुल आगामी साउन २० गतेसम्म निर्माणसम्पन्न गर्ने सम्झौता भए पनि निर्माण कम्पनीले तोकिएको समयअघि नै काम सकेको हो । पूर्वाधार विकास कार्यालयका इञ्जिनियर सुरेश पाण्डेका अनुसार निर्माण कम्पनीको सक्रियताका कारण घरपझोङ गाउँपालिकाका पाँचै वडा जोड्ने चक्रपथअन्तर्गतको पुल समयअघि नै सम्पन्न भएको हो । यसअघि विभिन्न कारणले छ पटकसम्म म्याद थपिएको घरपझोङ चक्रपथ सडक पनि चालु आर्थिक वर्षमै सम्पन्न भएको उहाँले बताउनुभयो ।

मुस्ताङ सदरमुकाम जोमसोमबाट ठिनी खोला हुँदै ढुम्बा ताल, छैरो, मार्फा, स्याङ र जोमसोम जोड्ने चक्रपथ निर्माण सम्पन्न भइसकेको छ । अब ठिनी खोलामा पुल बनेपछि घरपझोङ गाउँपालिकाका पाँचै वडाबीच आवतजावत थप सहज भएको छ । रु चार करोड ४६ लाख लागतमा निर्माण भएको ३५ मिटर लामो एक स्पानको मोटरेबल पुल निर्माणको जिम्मा अमित अशेष जेभी कन्स्ट्रक्सनले लिएको थियो । पुलको चौडाइ फुटपाथसहित आठ दशमलव चार मिटर छ । निर्माणसम्पन्न भएपछि एक वर्षको परीक्षण अवधिसहित पुल कार्यालयलाई हस्तान्तरण गर्ने तयारी गरिएको छ । निर्माण कम्पनीका प्रतिनिधि सुरेश भट्टराईका अनुसार घरपझोङको १० दशमलव पाँच किलोमिटर चक्रपथ सडकअन्तर्गत ठिनी खोलाको पुल सञ्चालनमा आएको हो । पुल सञ्चालनमा आएपछि मुक्तिनाथ दर्शन गरेर फर्कने पर्यटकलाई ढुम्बा ताल अवलोकन गर्न सहज भएको छ । साथै ढुम्बा, स्याङ, सम्लेलगायत गाउँका किसानलाई कृषि उपज बजारसम्म पुऱ्याउन पनि सहज हुने अपेक्षा गरिएको छ ।

यसअघि ठिनी खोलामा पक्की पुल नहुँदा वर्षायाममा स्थानीयवासी र पर्यटकलाई आवतजावत गर्न निकै कठिन हुने गरेको थियो । पुल सञ्चालनमा आएपछि वर्षभरि नै सवारीसाधन सञ्चालन गर्न सहज भएको छ ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १० निवासी भारतीय सेनाका पूर्व सैनिक JC-607501 A, RANK Sub, श्यामकुमार थापा 5/3 GR की श्रीमती नेपाली नागरिकताको प्रमाणपत्र नं. २२५ की सीताकुमारी कोइरालाको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर सीताकुमारी कोइराला, जन्ममिति विसं. २०२७।१२।१४ इं.सं. २७।०३।१९७१ भएको तर, निजको भारतीय सैनिक अभिलेखमा नामथर सीताकुमारी थापा, जन्ममिति ईसं. १६।१०।१९६९, वि.सं. २०२६।०६।३० उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर र जन्ममिति भएता पनि ब्यक्ति एउटै भएको ब्यहोरा सम्बर्(न्धत सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।


# बागलुङमा सिँचाइ सुविधा विस्तार


**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ असार

बागलुङमा एक वर्षको अवधिमा १०७ वटा सिँचाइ योजना सम्पन्न भएका छन् । ती योजनाबाट थप ८० हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ ।

जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका अनुसार चालु आर्थिक वर्षमा स्वीकृत ११४ सिँचाइ योजनामध्ये १०७ वटा सम्पन्न भएका छन् । सिँचाइ कुलो र नदी नियन्त्रणका लागि रु १२ करोड ६६ लाख ५० हजार बजेट विनियोजन गरिएको थियो । कार्यालयका प्रशासकीय अधिकृत बाबुराम आचार्यका अनुसार योजना सम्पन्न भएपछि ८० हेक्टर जमिनमा थप सिँचाइ सुविधा विस्तार भएको छ । यससँगै जिल्लामा ६ हजार ९४४ हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको उहाँले बताउनुभयो । आचार्यका अनुसार स्वीकृत ११४ योजनामध्ये सात वटा विभिन्न कारणले कार्यान्वयन हुन सकेनन् । प्राविधिक समस्या, स्थलगत कठिनाइ, ठूलो लागतका योजना भए पनि पर्याप्त बजेट नहुनु र अन्य कारणले ती योजना रोकिएका हुन् । निसीखोलाको एउटा योजना ढोरपाटन सिकार आरक्षभित्र परेकाले काम गर्न नसकिएको उहाँले बताउनुभयो । केही योजनामा लागत धेरै भए पनि बजेट कम भएकाले कार्यान्वयन हुन सकेन । जाउलेपानी-मधु सिँचाइ योजना आरक्ष क्षेत्रभित्र परेकाले रोकिएको हो भने खाराखेतदेखि भब्रेटा-झिङ्गलबारी-रातामाटा-घम्सिन-सोरबोट-खप्तरीबाङ सिँचाइ योजना लिफ्टिङ प्रणालीबाट सञ्चालन गर्नुपर्ने भएकाले प्राविधिक रूपमा कार्यान्वयन गर्न कठिन भएको उहाँले बताउनुभयो । यस्तै, बागपानी-कटुवाल डेरा सिँचाइ योजना, निसीखोला-५ का लागि दुई पटक ठेक्का आह्वान गर्दा पनि कुनै निर्माण कम्पनीले आवेदन नदिएको उहाँले जानकारी दिनुभयो । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङका प्रमुख सुजन खड्काले ठूलो लागतका योजनामा पर्याप्त बजेट नआउँदा कार्यान्वयनमा समस्या भएको बताउनुभयो । रु एक करोड लागतको योजनामा १० लाख मात्र बजेट आउँदा काम गर्न चुनौती भएको उहाँको भनाइ छ ।

उहाँका अनुसार केही योजनाको स्रोत सुनिश्चित गरी आगामी आर्थिक वर्षदेखि बहुवर्षीय योजनाका रूपमा कार्यान्वयन गर्ने गरी ठेक्का लगाइएको छ । काठेखोलाको रेश, बडिगाडको मालारानी र तमानखोलाको नर्जाखानीलगायत योजना १५ वटा प्याकेजमा ठेक्का लगाइएको उहाँले जानकारी दिनुभयो ।


## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनुहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं १ बस्ने भारतीय भु.पु सै.नं. ५४४९१६६A, दर्जा हनेरी नायव १/५ जि.आर. (FF) का नर वीर गुरुङ्गको एक मात्र विवाहित श्रीमती डिल कुमारी गुरुङ भन्ने डिलमाया गुरुङको नागरिकतामा जन्म मिति वि.स. २०२३/०२/१० भएको र पतिको आर्मी रेकर्डमा जन्म मिति २०२४/०६/१५ भई जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी न.पा वडा नं १ को वडा कार्यालयको च.नं. १३१२ मिति २०८३/०३/१९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

# अलैँचीले फेरिँदै लमजुङका किसानको दैनिकी

रासस
लमजुङ, ३१ असार

'कालो सुन'का रूपमा परिचित अलैँचीले लमजुङका किसानको जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। विसं २०४१ देखि जिल्लामा विस्तार हुन थालेको सो खेती अहिले प्रमुख नगदेबालीका रूपमा स्थापित भएको छ।

पहाडी भूगोल, चिस्यानयुक्त वातावरण तथा खोल्सा-खोल्सी र छायाँ पर्ने जमिन अलैँची खेतीका लागि उपयुक्त मानिन्छ। यही कारण जिल्लामा यसको खेती विस्तार हुँदै गएको छ। वैदेशिक रोजगारीबाट फर्किएका युवा त्यस खेतीतर्फ आकर्षित हुन थालेपछि लमजुङ अलैँची उत्पादनको महत्वपूर्ण क्षेत्रका रूपमा परिचित बन्दै गएको छ। मर्स्याङ्दी गाउँपालिका-७ छिनखोलाका अजय तामाङ दुबईबाट फर्किएर नगदेबालीमा लाग्नुभएको छ। उहाँले ४० रोपनीमा अलैँची खेती विस्तार गर्नुभएको छ। दाना र बिरुवा बिक्रीबाट उहाँले वार्षिक करिब रु १५ लाख बराबर आम्दानी गर्दै आउनुभएको छ।

उहाँ नेपाल अलैँची व्यवसायी महासङ्घ गण्डकी प्रदेशका संयोजक हुनुहुन्छ भने यसअघि लमजुङ शाखाको अध्यक्षको जिम्मेवारी पनि सम्हालिसक्नुभएको छ।

उहाँका अनुसार केही वर्षअघि गाउँमै पर्याप्त आम्दानीको आधार नभएपछि रोजगारीका लागि गाउँ छाडेर सहर जानुपरेको थियो। अलैँची खेतीको सम्भावना देखेर उहाँ गाउँ फर्किनुभएको हो। अहिले यही व्यवसायबाट परिवारको खर्च धान्दै सम्मानजनक आम्दानी गर्न सफल भएको र गाउँमै बसेर पनि राम्रो भविष्य बनाउन सकिने उहाँले बताउनुभयो। नेपाल अलैँची व्यवसायी महासङ्घ लमजुङका अध्यक्ष सोमबहादुर तामाङ पनि वैदेशिक रोजगारीबाट फर्किएर अलैँची खेतीमा सफल हुनुभएको छ। दश वर्ष मलेसियामा रोजगारी गरेर फर्किनुभएका उहाँले बैँसीसहर नगरपालिका-१० खाँचेमा २५



वर्षदेखि उक्त खेती गर्दै आउनुभएको छ। एक रोपनीबाट सुरु गरिएको खेती अहिले ३० रोपनीभन्दा बढी क्षेत्रफलमा विस्तार भएको छ। केही वर्षअघि रोगका कारण पुराना बोट हटाएर नयाँ बिरुवा लगाउनुपरे पनि अहिले बगान पुनः राम्रो अवस्थामा पुगेको छ। यस वर्ष उहाँले थप नयाँ बिरुवासमेत रोप्नुभएको छ। उहाँका अनुसार रोग लाग्नुअघि गाउँका धेरै किसानले वार्षिक रु १५ लाखभन्दा बढी आम्दानी गर्ने गरेका थिए। पछिल्ला केही वर्ष रोग र मूल्यका कारण आम्दानी घटे पनि यस वर्ष उत्पादन र मूल्य दुवैमा सुधार आएपछि किसान उत्साहित भएका छन्। सो खेतीबाट प्राप्त आम्दानीले उहाँले चितवनमा एक कट्ठा जग्गा खरिद गर्नुभएको छ भने गाउँमै चारकोठे घर निर्माण गर्नुभएको छ। विदेशमा भन्दा आफ्नै गाउँमा परिवारसँग बसेर कृषि व्यवसाय गर्दा कम दुःखमा राम्रो आम्दानी गर्न सकिने अनुभव उहाँको छ। अलैँची खेतीकै कारण पहिले बाँझिँदै गएका पाखापखेरा अहिले हराभरा बगानमा परिणत भएका छन्। गाउँ छाडेर गएका केही युवा पनि फर्किएर खेतीमा लाग्न थालेका छन्। यसले गाउँ उजाडिनबाट जोगाउनाका साथै स्थानीयस्तरमै रोजगारी र आम्दानीका अवसर बढाएको उहाँले बताउनुभयो।

मर्स्याङ्दी गाउँपालिका-७ छिनखोलाकी चित्रमाया तामाङले चालु आर्थिक वर्षमा जिल्लामै सबैभन्दा बढी रु २० लाख बराबरको अलैँची बिक्री गर्नुभयो।

जिल्लाका आस गुरुङ, कामरासी गुरुङ, दिलमाया गुरुङ र भुपाल कुँवरलगायतका किसानले पनि यस खेतीबाट वार्षिक रूपमा राम्रो आम्दानी गर्दै आउनुभएको छ। जिल्लामा सबैभन्दा बढी अलैँची उत्पादन र कारोबार मर्स्याङ्दी गाउँपालिकामा हुने गरेको उहाँको भनाइ छ। मर्स्याङ्दी गाउँपालिका-५ का गज घले पनि पाँच वर्षअघि वैदेशिक रोजगारीबाट फर्किएपछि अलैँची खेतीमा लाग्नुभएको हो। हाल सात रोपनी क्षेत्रफलमा अलैँची खेती गर्दै आउनुभएका उहाँले वार्षिक रु पाँच लाखसम्म आम्दानी गर्दै आउनुभएको छ। विदेशको रोजगारी छाडेर आफ्नै गाउँमा अलैँची खेती गर्दै परिवारसँग बस्न पाउँदा सन्तुष्ट रहेको र आगामी दिनमा व्यवसायलाई अझ विस्तार गर्ने सोच रहेको उहाँले जानकारी दिनुभयो। मर्स्याङ्दी गाउँपालिका-७ लुदीका सोमबहादुर तामाङले पनि मलेसियामा १० वर्ष रोजगारी गरेपछि स्वदेश फर्किएर अलैँची खेतीलाई व्यावसायिक बनाउनुभएको हो। एक रोपनीबाट सुरु गरिएको खेती अहिले ३० रोपनीभन्दा बढीमा विस्तार भएको छ। यस वर्ष चार क्विन्टलभन्दा बढी अलैँची उत्पादन हुने र करिब रु आठ लाख आम्दानी हुने उहाँले सुनाउनुभयो। उहाँका अनुसार विदेशमा भन्दा आफ्नै गाउँमा परिवारसँग बसेर कम दुःखमा राम्रो आम्दानी गर्न सकिएको छ। अलैँची खेतीबाट घरपरिवारको खर्च धान्नुका साथै अन्य कृषि व्यवसाय विस्तार गर्न पनि सहज भएको उहाँको अनुभव छ। कम लगानी र तुलनात्मक रूपमा कम मिहिनेतमै राम्रो आम्दानी गर्न सकिने भएकाले अलैँची खेतीको भविष्य राम्रो रहेको उहाँले बताउनुभयो। मूल्यमा हुने उतारचढाव, रोग व्यवस्थापन र उत्पादनमा आउने कमी अझै पनि कृषकका मुख्य चुनौतीका रूपमा छन्। केही वर्षअघि रोगका कारण धेरै बगान प्रभावित भए पनि अहिले नयाँ बिरुवा विस्तार भएसँगै उत्पादन क्रमशः सुधार हुँदै गएको छ। विगतका केही वर्ष मूल्य सन्तोषजनक नभए पनि यस वर्ष प्रतिकिलो रु एक हजार ८०० देखि रु दुई हजार ५०० बराबरको मूल्य पाएपछि किसान उत्साहित भएका छन्। राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ लमजुङका कृषि अधिकृत हरिबहादुर मिजारका अनुसार चालु आर्थिक वर्षमा जिल्लामा उत्पादित १३५ मेट्रिकटन अलैँची बिक्रीबाट रु २४ करोड ३० लाख बराबरको आम्दानी भएको छ। गत आर्थिक वर्षको तुलनामा उत्पादन घटे पनि मूल्य बढेका कारण किसानको आम्दानी बढेको उहाँको भनाइ छ। छिमेकी मुलुक भारतमा समेत अलैँची उत्पादन घटेकाले माग बढ्दा यहाँका किसानले राम्रो मूल्य पाएका हुन्। कृषि अधिकृत मिजारका अनुसार उत्पादन वृद्धि, रोग व्यवस्थापन, गुणस्तरीय बिरुवा उपलब्ध गराउने तथा प्राविधिक सहयोगलाई प्राथमिकताका साथ अघि बढाइएको छ।

किसानलाई आवश्यक तालिम, सचेतनामूलक कार्यक्रम तथा विभिन्न सहयोग उपलब्ध गराउँदै सो खेतीको उत्पादन र गुणस्तर सुधारमा काम भइरहेको उहाँले बताउनुभयो। परियोजनाका अनुसार जिल्लामा हाल ७५० हेक्टर क्षेत्रफलमा अलैँची खेती भइरहेको छ भने ३७५ हेक्टर क्षेत्रफलमा उत्पादन भइरहेको छ। मर्स्याङ्दी गाउँपालिका, बैँसीसहर नगरपालिका, क्होलासोथर गाउँपालिका, दूधपोखरी गाउँपालिका र दोर्दी गाउँपालिकालाई अलैँची जोन क्षेत्रका रूपमा घोषणा गरिएको छ। लमजुङमा ७०० देखि एक हजार २०० मिटर उचाइमा साउने, जिर्मले र डम्बरशाही, एक हजार २०० देखि एक हजार ६०० मिटर उचाइमा गोलशाही तथा एक हजार ६०० देखि दुई हजार २०० मिटर उचाइमा रामशाही र भलाडे जातका अलैँची खेती हुँदै आएको छ। अलैँची खेतीले लमजुङका किसानलाई आयआर्जनको भरपर्दो आधार दिएको छ।

यसले वैदेशिक रोजगारीबाट फर्किएका युवालाई गाउँमै रोजगारी सिर्जना गर्न, बाँझो जमिनको सदुपयोग गर्न र ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुर्‍याएको छ। उत्पादन वृद्धि, रोग व्यवस्थापन, गुणस्तर सुधार र स्थिर बजार सुनिश्चित गर्न सके 'कालो सुन' अलैँचीले आगामी दिनमा लमजुङको ग्रामीण अर्थतन्त्रलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १२ निवासी भारतीय भु.पु.सै.नं. ५७४६४७२w हवल्दार कृष्ण बहादुर गुरुङको श्रीमती प्यारी माया गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर प्यारीमाया गुरुङ जन्म मिति वि.सं. २०१७।०२।१७ तदानुसार ई. सं. १९६०-०५-३० भएको र पेन्सन अभिलेखमा नामथर प्यारी गुरुङ जन्म मिति ई.सं. १९६१-०७-३१ तदानुसार वि.सं. २०१८।०४।१६ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १२ नं. वडा कार्यालयको च.नं. १८३२ मिति २०८३।०३। ३१ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, कास्की

## नामथर, जन्ममिति फरक पर्न गएको सूचना



कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं.-१ निवासी भारतीय भु.पु. सै.नं. ५०४१२९२ X 2/1GR का नायक योग बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर पूर्णशुभा गुरुङ (Purna Sova Gurung) जन्म मिति वि.सं. २०१६/०५/१० तदानुसार ई.सं. १९५९-०८-२६ उल्लेख भएको र पेन्सन अभिलेखमा नामथर Purni Suva Gurung जन्म मिति ई.सं. १९६०-०५-२० उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोछ भनि माछापुच्छ्रे गाउँपालिका १ नं. वडा कार्यालयको च.नं. १२२१ मिति २०८३/०३/३० को सिफारिस पत्रबाट लेखि आएकोले एक व्यक्तिको नामथर र जन्ममिति फरक परेता पनि दुवै नामथर जन्ममिति भएको व्यक्ति एक व्यक्ति भएको बेहोरा सबको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


# पुल निर्माणको सात महिनापछि उद्घाटन

पोखरापत्र संवाददाता
तनहुँ, ३१ असार

जिल्लाको बन्दीपुर गाउँपालिका-४ र भानु नगरपालिका-१ जोड्ने चुँदी खोलामाथिको पक्की पुल निर्धारित समयभन्दा सात महिना अगाडि नै सम्पन्न भएको छ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको रु १० करोड १० लाख ९१ हजार १६६ पैसा लागतमा सो पुल निर्माण गरिएको पूर्वाधार विकास कार्यालय, तनहुँका प्रमुख रविन्द्र तिवारीले जानकारी दिनुभयो।

पुलको निर्माण असार १० गतेसम्म पूरा गर्ने समयसीमा रहेकामा गत पुसमै सम्पन्न भएको थियो। उक्त पुल निर्माण सम्पन्न भएसँगै डुम्रे बजार हुँदै लमजुङ, गोरखा र मनाङ जाने सवारीसाधन आवतजावतमा सहज भएको छ। पुल बनाइनुअघि डुम्रे बजार क्षेत्रमा आवतजावत गर्ने सन्दर्भमा सवारी चापको समस्या थियो।

पुल सञ्चालनमा आएसँगै मालसामान ढुवानी गर्ने ठूला सवारीसाधन र निजी गाडी डुम्रे बजार प्रवेश नै नगरी सिधै आफ्नो गन्तव्यमा जान सकिने भानु नगरपालिकाका नगरप्रमुख आनन्द त्रिपाठीले बताउनुभयो।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उक्त पुलको गत सोमबार उद्घाटन गर्नुभएको थियो।

# बाह्रकिलो बजारका घरटहरा स्वःस्फुर्त खाली

पोखरापत्र संवाददाता
गोरखा, ३१ असार

गोरखा नगरपालिका-११ को सार्वजनिक जग्गामा सञ्चालित बाह्रकिलो बजारमा बनेका संरचनालाई खाली गराइएको छ। नगरपालिका, जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय तथा ओख्लेपाखा सामुदायिक वन उपभोक्ता समूहको संयुक्त पहलपछि सार्वजनिक जग्गामा २० वर्षदेखि सञ्चालनमा रहेको सो बजारका संरचनालाई हटाइएको हो। निरन्तरको सूचना र समन्वयपछि पसलवालाहरूले मङ्गलबार स्वःस्फुर्त आफ्ना घरटहरा खाली गरेका हुन्। वन क्षेत्रभित्र रहेका ३५ भन्दा धेरै घरटहरा यही असार ३० गतेभित्र खाली गर्न समयसीमा दिएर निरन्तर सचेत र सुसूचित गरेपछि पसल सञ्चालकहरूले त्यहाँका घरटहरा छाड्न तयार भएका डिभिजन वन कार्यालयले जनाएको छ।

नगरपालिकाभित्रका सार्वजनिक जग्गा हडपेर बनेका घरटहरा हटाउने गोरखा नगरपालिकाको कार्यपालिकाले निर्णय गरेको



थियो। सोही निर्णयपछि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी वन डिभिजन कार्यालय, सबडिभिजन कार्यालय, ओख्लेपाखा सामुदायिक वन उपभोक्ता समूहले सो सार्वजनिक जग्गा खाली गर्न सूचित गरेको थियो। बारम्बार लिखित तथा मौखिक गरेर सार्वजनिक जग्गा खाली गर्न आह्वान गरेपछि पसल धनीहरूले घरटहरा खाली गरेका वन डिभिजन कार्यालयका प्रमुख मदनमोहन शाण्डिल्यले जानकारी दिनुभयो। सबै घरटहरा खाली भइसकेपछि त्यसलाई हटाएर वन क्षेत्रलाई तारबार गरी सुरक्षित गरिने डिभिजनल वन अधिकृत शाण्डिल्यले बताउनुभयो।

आँबुखैरेनी-गोरखा सडकबाट छेपेटारतर्फ जाने चोकमा सार्वजनिक जग्गा कब्जा गरी विगत २० वर्षदेखि बजार सञ्चालनमा छ। विसं २०७३ मा हटाउने प्रयास भए पनि केही समयपछि फेरि बजार पुनःस्थापित भएको थियो। "अब फेरि वनको जग्गा कब्जा गर्न नमिल्नेगरी तारबार गर्नेछौँ", उहाँले भन्नुभयो, "त्यसका लागि हामीले नापजाँच गरिसकेका छौँ।"

# बेल्फी लुरवाङ सिँचाइ आयोजना निर्माण

रासस
मुस्ताङ, ३१ असार

म्याग्दीको मालिका गाउँपालिका-७ बिमका तुलप्रसाद जुग्जालीले लुरवाङस्थित खेतमा यसपालि असार दोस्रो सातामै रोपाइँ गर्नुभयो।

"आकासे पानी पर्खिँदा बीउ छिप्पिएपछि साउनमा रोपाइँ गर्नुपर्ने समस्या थियो", उहाँले भन्नुभयो, "पक्की नहर बनेपछि समयमै धान रोपाइँ गर्न पाएका छौँ।" बेल्फी लुरवाङ सिँचाइ योजना निर्माण सम्पन्न भएपछि तुलप्रसादजस्तै बिमका किसानलाई लुरवाङ फाँटमा धान रोपाइँका लागि आकासे पानीको भर पर्नुपर्ने समस्याको अन्त्य भएको हो।

विसं २०४५ मा निर्माण भएको कच्ची नहरलाई पक्की बनाएपछि योजनाबाट लुरवाङमा रहेको १५० घरपरिवार किसानको करिब ३०० रोपनी जमिनमा सिँचाइ सुविधा पुगेको उपभोक्ता समितिका सचिव टुकमान जुग्जालीले बताउनुभयो। गण्डकी प्रदेश सरकारको बजेटबाट खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीको सहयोगमा उपभोक्ता समितिले योजना निर्माण गरेको हो।

नहरमा पानी चलाउन थालेपछि लुरवाङको फाँटमा धान रोपाइँका लागि यसपालि आकासे पानी कुर्न नपरेको उपभोक्ता समितिका अध्यक्ष झकवीर जुग्जालीले बताउनुभयो। कच्ची नहरमा पानी सोसिने र भिरमा पाइप राख्दा डढेलोले नष्ट गर्ने समस्या थियो। पक्की नहर निर्माण भएपछि बेल्फीको मुहानबाट लुरवाङको फाँटमा सिँचाइका लागि पानी ल्याउन हरेक वर्ष पाइप फेर्नुपर्ने झन्झटबाट मुक्ति मिलेको छ।

पाइप परिवर्तन गर्दा हुने खर्च पनि बचत भएको छ। आर्थिक वर्ष २०८०/८१ देखि सुरु भएको आयोजना निर्माणले यसपालि पूर्णता पाएको खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर झलकमोहन ओझाले बताउनुभयो। चालु आवमा विनियोजन भएको रु १० लाख बजेटबाट लुरवाङ फाँटको खोल्सामा छ मिटर लामो 'क्रसिङ' बनाएर पानी तारिएको छ। थप १७५ मिटर पक्की नहर निर्माण भएको छ। आव २०८१/८२ मा रु २० लाख बजेट विनियोजन भएको योजनामार्फत गलघण्टीको भिर र लुरवाङमा ३०० मिटर पक्की नहर निर्माण भएको थियो। एक सय ७० मिटर १२५ मिलीलिटर क्षमताको पाइप लाइन जडान गरिएको थियो। आव २०८०/८१ मा विनियोजन भएको रु १० लाख बजेटबाट बेल्फीमा इन्टेक, बाँध र करिब २०० मिटर पाइप लाइन जडान भएको थियो।

लुरवाङमा धानलगायत खाद्य बालीका साथै सुन्तला र व्यावसायिक तरकारीखेती गर्न सहज भएको छ। बिम गाउँको फेदीमा रहेको लुरवाङलाई स्थानीयवासीले अन्नको भण्डार मान्ने गर्छन्।


## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ३ निवासी भारतिय भू.पू.सै.नं. ५७५०८३४K पल्टन ७/८ गोर्खा राईफलका हनेरी नायव सुवेदार भक्त बहादुर थापाको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नाम थर मनिकला वि.क., जन्म मिति वि.सं. २०२२/०४/२६ (10th Aug., 1965 A.D.) भएको साथै पतिको भारतिय पेन्सन सम्बन्धि कागजातहरुमा श्रीमतीको नाम थर मनिकला थापा, जन्म मिति 06th Mar., 1965 A.D. भई नाम थर र जन्म मिति फरक भएता पनि उल्लेखित दुई नाम थर र जन्म मिति भएको व्यक्ति एउटै भएको भनी बागलुङ नगरपालिका, ३ नं. वडा कार्यालयको चलानी नं. २६४९, मिति २०८३/०३/३१ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु.नं. JC-151826 सुवेदार वल वहादुर क्षेत्रीको श्रीमतीको नामथर नागरिकतामा दुर्गा देवी क्षेत्री र भारतीय पेन्सन अभिलेखमा दुर्गा देवी उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी पोखरा लेखनाथ महानगरपालिका १३ नं. वडा कार्यालय, कास्कीको च. नं. ३५०२ मिति २०७५/३/६ को सिफारिसपत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

जिल्ला प्रशासन कार्यालय कास्की